# श्रमिक तथा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम सम्बन्धी मापदण्ड, २०८०

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रू. | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.९.९ | २२५२२ | १ | पटक | १० लाख | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| प्रस्तावना | वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूबाट बर्षेनी अरबौ रुपैयाँ विप्रेषण भित्रिने गरेको छ । नेपालका धेरै परिवार विप्रेषणमा आश्रित रहेका छन् र नेपालको अर्थतन्त्रमा विप्रेषणको उल्लेख्य योगदान रहेको छ । तर प्राप्त विप्रेषणको सहि ढंगले उपयोग हुन नसक्दा वैदेशिक रोजगारीमा जाने व्यक्तिले आफ्नो अधिकांश उर्जाशील समय विदेशमै बिताउनुपर्ने बाध्यता रहेको छ । त्यसैगरी स्वदेशमै रोजगारी गर्ने श्रमिकका परिवारहरूले पनि आफ्नो आम्दानीको सदुपयोग गर्न नजान्दा आफ्नो कमाईले दैनिक दुई छाक टार्न वाहेक अतिरिक्त प्रगति गर्न नसकिरहेको देखिन्छ । दैनिक ज्यालादारी तथा रोजगारीमा आश्रित परिवारलाई आम्दानीको सही उपयोगका लागि घरायसी बजेट बनाउने, आय व्ययको हिसाबकिताव राख्ने, नियमित रुपमा बचत गर्ने जस्ता ज्ञान र सिपको अत्यन्त आवश्यकता रहेको देखिएको छ । यसैको सन्दर्भमा स्वदेशी आम्दानी र विप्रेषणको सही ढंगले उपयोग गर्ने ज्ञान र सिपको अभिवृद्धि गराउने अभिप्रायका साथ आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रममा **श्रमिक तथा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम** रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| उद्देश्य | • पारिवारिक बजेटको वार्षिक योजना तयार गर्न सिकाउनु,<br>• आय व्ययको हिसाव किताव राख्ने क्षमता बढाउनु,<br>• खर्चमा मितव्ययिता अपनाउने र नियमित रुपमा बचत गर्न उत्प्रेरित गराउनु,<br>• अल्पकालीन, मध्यकालीन र दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउनु,<br>• भविष्यमा आउन सक्ने चुनौती व्यवस्थापन गर्न सक्ने ज्ञान र सिप प्रदान गर्नु,<br>• बैकल्पिक आय आर्जनको स्रोत खोज्न सिकाउनु, |
| कार्यान्वयन गर्ने निकाय | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| सहयोगी निकाय वा संस्थाहरु | • व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र तथा सामाजिक विकास कार्यालयहरू<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>• आवश्यकतानुसार अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| बजेट बाँडफाँट | (१) प्रत्येक कार्यक्रमको लागि बढीमा एक लाख असी हजार रुपैयाँ ।<br>(२) बाँकी रकम स्रोत सामाग्री र पाठ्यक्रम निर्माण, छपाई तथा अन्य व्यवस्थापकीय कार्यमा खर्च गर्ने । |

| | |
|---|---|
| कार्य सञ्चालन प्रक्रिया | • कार्यक्रम सञ्चालन गर्न स्रोत व्यक्ति सूचीकृत गर्ने ।<br>• कार्यक्रम सञ्चालनका लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन नभएका ३ वटा जिल्लाका बढीमा ५ वटा स्थानीय तहहरु छनौट गर्ने, छनौट गर्दा बढी मात्रामा वैदेशिक रोजगारीमा गएको संख्यालाई आधार लिने ।<br>• तोकिएको गाउँ/नगरपालिकाका केन्द्रहरुमा पुगी प्रति समूह बढीमा ३० जना सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।<br>• कार्यक्रममा सहभागीलाई जानकारीमूलक पुस्तिका छपाई गरी वितरण गर्ने ।<br>• आवश्यकता अनुसार सामी/हेल्भेटास परियोजना, स्थानीय तह तथा सरोकारवाला विज्ञ र संघसंस्थाहरुबाट पनि प्राविधिक सहयोग लिन सकिने,<br>• यस कार्यक्रम कार्यान्वयन गर्ने जिम्मा सहयोगी निकायहरूलाई पनि दिन सकिनेछ।<br>• कार्यक्रम सम्पन्न भए पश्चात् भुक्तानी हुनेछ । |
| अपेक्षित प्रतिफल | • वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवार तथा स्वदेशमै रोजगारी गर्ने श्रमिकका बढिमा १५० परिवारहरूले आफ्नो आम्दानीको सदुपयोग गर्ने प्रक्रियाका बारेमा वित्तीय ज्ञान हासिल गरेका हुनेछन् । |